**Tribhuvan University Journal**
**Vol. 37, No. 1: 99-110, June, 2022**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v37i1.48299

# जिरो कटेज उपन्यासमा पर्यावरणीय सङ्कट

***दीपकप्रसाद ढकाल***

*उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।*

*इमेलः dipak.dhakal@cdn.tu.edu.np*

## लेखसार

प्रस्तुत लेख जिरो कटेज उपन्यासको पर्यावरणीय सङ्कटमा केन्द्रित छ। प्रविधिसंस्कृति र आविष्कारका कारण पर्यावरणको अत्यधिक दोहन हुँदा पर्याचक्रमा परेको प्रतिकूलतालाई यस लेखमा विश्लेषण गरिएको छ । कृतिमा पर्याचक्रीय प्रभावको विश्लेषण गर्ने पर्यावरण सिद्धान्त यस लेखको मुख्य सैद्धान्तिक आधार हो । आरम्भमा पर्यावरणीय विश्लेषणका प्रतिमान दिएर पाठका साक्ष्य प्रस्तुत गरिएकाले यसमा निगमनात्मक विश्लेषण विधिको प्रयोग भएको छ । विश्लेषणलाई सामान्यीकरण गरेर निष्कर्षमा पुग्ने क्रममा यस लेखमा आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ। विश्लेषणका क्रममा जिरो कटेजलाई प्राथमिक र पार्यवरणीय सिद्धान्त तथा व्याख्यात्मक सन्दर्भका अन्य सामग्रीलाई द्वितीयकका रूपमा  पुस्तकालय स्रोतबाट प्रयोग गरिएको छ । जिरो कटेज साइबरसंस्कृति र पर्यावरणीय सङ्कटको संयोजित प्रयोग भएको उपन्यास हो। पृथ्वीमा रहेका प्राकृतिक साधनको अत्यधिक दोहनका कारण मानवलगायत अन्य प्रजातिका जीवन एवं पर्याचक्र समाप्त हुने सम्भावनाको सत्याभासमा यो उपन्यास आधारित छ । भूमण्डलीकृत पुँजीवादका कारण नेपाल जस्ता विकासशील देशले पर्याचक्रमा आएका प्रतिकूलताका प्रभाव भोग्नु पर्ने अवस्थाको प्रतीकात्मक चित्रण यस उपन्यासमा गरिएको छ ।

**शब्दकुञ्जी :** पर्याचक्र, विषाक्त समीकरण, पारिस्थितिक प्रणाली, हरितगृह, प्रविधिसंस्कृति ।

## विषयपरिचय

टंक चौलागाईं (२०३९) नेपाली साहित्यको आख्यान र नाटक विधाका परिचित प्रतिभा हुन् । यिनका हालसम्म *कथाको खोजी* (२०६४), *बालबालिकका यथार्थ कथा* (२०६६) र *जिरो कटेज* (२०६८) आख्यान प्रकाशित छन् । नाटक  विधामा यिनको *भोक नाटक सङ्ग्रह* (नाटकसङ्ग्रह) प्रकाशोन्मुख देखिन्छ । त्यसैगरी फुटकर कविता सिर्जनामा पनि यिनको अभिरुचि देखिन्छ । चौलागाईं स्वैरकल्पनाको प्रयोग गरेर साइबरसंस्कृति, पर्यावरण र मानवको अस्तित्वमा पैदा हुन सक्ने सम्भावित प्रतिकूलतामा केन्द्रित आख्यान सिर्जना गर्ने

प्रतिभा हुन् । त्यसैगरी चौलागाईं नाटक लेखन र मञ्चनमा नवीन अन्तर्राष्ट्रिय प्रवृत्तिलाई नेपाली रङ्गमञ्चको क्षेत्रमा गतिशील गराउने प्रतिभा पनि हुन् ।

*जिरो कटेज* प्रविधिसंस्कृतिका कारण मानवका क्रियाकलाप पर्यावरण मैत्री बन्न नसकेको र अत्यधिक औद्योगिकीकरणले गर्दा पृथ्वीको पर्यावरणीय चक्रीय पद्धतिमा प्रतिकूल प्रभाव परेको विषयमा केन्द्रित उपन्यास हो । इन्टरनेट सञ्जाल मानवका बहुआयामिक पक्षलाई प्रभावित पार्ने अपरिहार्य सञ्चार हो । उत्पादन, बजारीकरण, नवप्रवर्तन, सञ्चयन तथा सङ्ग्रहण जस्ता कुनै पनि आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको सर्वस्वीकार्य सञ्चार आधारका रूपमा इन्टरनेटलाई लिइन्छ तर यसको दुरूपयोगका कारण पर्यावरणको विनाश हुन गई विश्वमानव सभ्यता नै समाप्त हुने आशंका पनि उत्पन्न भएको छ । पृथ्वीका कुनै पनि प्राकृतिक स्रोत र तिनको अस्तित्व निश्चित सीमासम्म मात्र हुने भएकाले प्रविधिसंस्कृतिको प्रयोग गरेर गरिएका दोहनले मानव सङ्कटमा पर्ने सङ्केत देखिन्छ । *जिरो कटेज* यसै दिक्लाई आख्यानीकरण गर्न सफल आख्यान हो । मानवलगायतका सम्पूर्ण जीव निश्चित जैवरासायनिक द्रवप्रणालीमा निर्भर हुन्छन् । यस्तो प्रणाली पृथ्वीको पर्यावरणचक्रसँग प्रत्यक्ष सम्बद्ध हुन्छ तर पर्यावरणचक्रीय सन्तुलन खलबलिएमा मानवले आफ्नो जैविक निरन्तरता कायम गर्न सक्तैन । आख्यानमा प्रयोग गरिएको पर्यावरणीय चिन्ता र त्यस्तो चेतलाई सम्बोधन गर्ने साइबरसंस्कृतिजन्य दृष्टिकोण बारे नेपाली आख्यान समालोचनामा केही अध्ययन भएका छन् । आख्यानमा प्रयुक्त पर्यावरणीय विषयलाई सम्बोधन गर्ने गरी साइबरसंस्कृतिसँग सम्बद्ध पर्यावरणीय सङ्कटको अध्ययन भएको छैन । शोध्य विषयको यसै रिक्ततालाई सम्बोधन गर्न प्रस्तुत लेखको आवश्यकता बोध गरिएको हो ।

## अध्ययनविधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो । विश्लेषणलाई अनुसन्धानात्मक र शोधपरक बनाउनका निम्ति साहित्यिक रचनामा पर्यावरणीय प्रभाव विश्लेषण गर्ने सैद्धान्तिक मान्यतालाई मुख्य आधार बनाइएको छ । यसका निम्ति प्राथमिक सामग्री (उपन्यास) र द्वितीयक (पर्यावरण अध्ययनका आधार तथा उपन्यासका विश्लेषण सन्दर्भ)लाई पुस्तकालय स्रोतबाट उपयोग गरिएको छ । सैद्धान्तिक आधारका निम्ति एम्. एच्. अब्राम्स र जोफ्री गाल्ट हार्फिमको *ग्लोसरी अफ लिटरेरी टर्म्स* (सन् २०१५), गोविन्दराज भट्टराईको *उत्तरआधुनिक विमर्श* (२०६४) र केट रिग्बेको 'इकोक्रिटिसिजम'(सन् २००७)लाई प्रयोग गरिएको छ । सैद्धान्तिक प्रारूप र उपन्यासका अंशको साक्ष्यसमेतको क्रमिक संयोजन गरेर लेखको प्रक्रिया सम्पन्न गरिएको छ । त्यसैले पर्यावरणीय सङ्कटका मानलाई आधार मानेर कृतिका सक्ष्य प्रस्तुत गरिएकाले आरम्भमा निगमनात्मक तथा साक्ष्य र सैद्धान्तिक मानका बिचको अन्तर्विश्लेषणका क्रममा आगमनात्मक विधिको प्रायोग गरी लेखको विश्लेषण प्रक्रिया सम्पन्न गरिएको छ ।

## पर्यावरणीय सङ्कट विश्लेषणको सैद्धान्तिक आधार

पृथ्वीको बाहिरी सतहमा रहेको जमिनको विविधता, पानीको भण्डार र जीव एवं वनस्पतिका विविध प्रजातिका बिचको पारस्परिक निर्भरतालाई पर्यावरण भनिन्छ । यसमा एक प्रकारको नियमित र स्थिर चक्रीय प्रणाली हुन्छ । यसको स्थिर मान तथा अवस्था नै सबै जीवजन्तु, वनस्पति र जैविक अस्तित्वको निरन्तरताको आधार हो । यस्तो चक्रीय व्यवस्था तथा पारस्परिक निर्भरताको क्रम बिग्रिएको अवस्था पर्यावरणीय सङ्कट हो । पृथ्वीको विकल्पमा मानवको जैविक अस्तित्वलाई निरन्तरता दिने अर्को कुनै आकाशीय पिण्डको भरपर्दो व्यवस्था भएको छैन । त्यसैले पर्यावरणमाथिको मानिसको निर्भरता, विज्ञान र प्रविधिका कारण पर्यावरणको दोहनमा भएको तीव्रतर वृद्धि, कृत्रिम प्रणाली अपनाएर गरिएका उत्पादन, जैविक (मानिस लगायताका चाल तथा बृद्धि, विकास हुने), अजैविक (तापक्रम, वाष्पीकरण, आद्रता, हिउँ, हावाका गतिमान) अवस्थामा नकारात्मक प्रभाव बढेर गएको देखिन्छ (त्रिपाठी २०७६, पृ.१०८) । पर्यावरणीय चक्रमा पर्न गएको यस्तो विनाशक प्रभावप्रति सिर्जनाका माध्यमद्वारा चिन्ता प्रकट गर्ने र त्यस्तो सिर्जनात्मक चेतनाको प्रकाशनमा केन्द्रित भएको वाङ्मयको शाखा नै पर्यावरणीय साहित्य र पर्यावरणीय समालोचना हो ।

सन् १९७० को दशकको उत्तरार्द्धमा ग्रह र त्यसमा निर्भर रहेका प्राणी तथा वनस्पतिका बिचको पारस्परिक निर्भारतालाई बुझाउन पर्यावरणीय समालोचना नामकरण गरिएको देखिन्छ । यस मान्यताले जैविक जगत् र अजैविक जगत्का बिचको भौतिक उपस्थिति र निर्भरतालाई वैज्ञानिक रूपले अध्ययन गर्छ । 'पर्यावरण समालोचना' वा 'हरित अध्ययन'का नामले पनि व्याख्या गरिएको यस चिन्तनमा साहित्य र जैविक गतिविधिका बिचको अविच्छेद्य निरन्तरताको अध्ययन गरिन्छ (अब्राम्स र हार्फिम सन् २०१५, पृ.९८) । मानव र पृथ्वीका बिचको पारस्परिक सम्बन्ध अध्ययन गर्ने क्रममा मानवका उत्पादन र उपभोग प्रक्रियाले समान रूपमा निम्त्याएका समास्या तर्फ पनि चासो पैदा भएको देखिन्छ। बढ्दो जनसङ्ख्या, उत्पादन र उपभोग प्रक्रियाका कारण पृथ्वीको पर्याचक्रमा निर्भर जीव र वनस्पति लोपोन्मुख अवस्थामा पुगे (रिग्वे सन् २००७, पृ.१५०) । यसरी पृथ्वी र मानिसका बिचको अन्तरसम्बन्ध एवं मानवका जैविक विकास तथा पर्यावरण चेतनाको आवश्यकता बोध भएको देखिन्छ ।

जलवायु सङ्कटको पृष्ठभूमिमा केन्द्रित भएर पर्यावरणीय साहित्य र यसको आलोचनात्मक व्याख्या विकास भएको हो । सन् १९९०को दशकपछि संस्थागत रूपले द्रुत र प्रभावकारी अभियानका रूपमा पर्यावरणीय समालोचनाको धार विकसित भएको हो । यस अभियानलाई संस्थागत स्वरूप दिने हेतुले 'साहित्य र पर्यापरणको अध्ययनमा गठित निकाय (एसोसिएसन फर द स्टडी अफ लिटरेचर एन्ड इन्भायरमेन्ट)'(अब्राम्स र हार्फिम सन् २०१५,पृ.९९) गठन भएको देखिन्छ। 'साहित्य र पर्यावरणको अन्तरविषयक अध्ययन' शीर्षक

जर्नल तथा विविध लेखको प्रकाशनले पर्यावरणप्रतिको चासो, चिन्ता, विज्ञान र प्रविधिका कारण पर्यावरणमाथि परेको प्रतिकूल प्रभावप्रति चासो व्यक्त भएको देखिन्छ । यसले मानवीय अस्तित्वको सम्भावित समाप्तिका विषयमा गरिएका प्राज्ञिक क्रियाकलापलाई पुष्टि गरेको देखिन्छ ।

पर्यावरणलाई नै साध्य बनाएर गरिएका सिर्जनामाथिको आलोचनात्मक दृष्टिकोण समालोचनामा स्थापित भएको छ । मानवले आफ्नो मस्तिष्क र त्यसको सिर्जनात्मक उपयोग गरेको तथा मानवीय कार्यसञ्चालन प्रणालीलाई सरलीकृत गर्ने सिलसिलामा प्रकृतिको अधिक दोहन गरेर पारिस्थितिक चक्र नाश गर्दै गएका कारण पारिस्थितिक दिक्प्रतिको चिन्ता सर्वव्यापी देखिन्छ । यसलाई सङ्केत गरी भट्टराई (२०६४) लेख्छन् :

> प्राचीन समयको स्थिर एवं निर्मल वातावरण तथा त्यसमा आधारित संस्कृति बदलिदै र परिवर्तित हुँदै गएपछि विज्ञान र प्रविधिका अनेक चोट र प्रहारले गर्दा आज वातावरणीय सङ्कट उत्पन्न भएको छ । हामी त्यो भोग्ने अवस्थामा पुगे का छौं (पृ.२००) ।

औद्योगिक उत्पादन, बढ्दो विषाक्त रसायनको उत्सर्जन, वायुमण्डलमा असन्तुलन उत्पन्न गर्ने विविध ग्याँस र त्यसले साविकको समीकरणमा परेको प्रतिकूल प्रभाव जस्ता विषय मानवको भोलिको अस्तित्वसँग जोडिएर आएका कारण चिन्ताको विषय भएको छ । पर्यावरणमा क्षतिको अवस्था के र कस्तो छ भन्ने वैज्ञानिक तथ्य उत्पादन र सम्प्रेषणका निम्ति इन्टरनेट सञ्जाल आवश्यक भएकाले अहिले साइबर समालोचना र पर्यावरणीय समालोचनालाई परस्परव्यापी रूपमा अध्ययन गर्नु पर्ने विचार पाइन्छ (शर्मा २०६८, पृ.ज.) । पर्यावरणको भौतिक मान तथा मापन र त्यसको सन्तुलन एवं व्यवस्थापनका निम्ति साइबर सञ्जालको उपयोग हुने भएकाले यी दुई परस्पर सम्बद्ध चिन्तन हुन् ।

> धुवाँको तह कति भयो, धुलकणको कति भयो, केमिकलको असर हावामा कति छ, पानीमा कति, खतराको कुरा अनुमानका भरले हुँदैन । यसका लागि त विज्ञान र प्रविधिकै सहयोग चहिन्छ । फेरि ती विषयका ज्ञान पनि इमेल, इन्टरनेट, आइटीका माध्यमले ओसारपसार गर्न सकिन्छ ।...यसरी साइबर संस्कृति र इकोराइटिङ जोडिएका छन् (भट्टराई २०६४, पृ.२०२) ।

प्रविधि सञ्जाल जीवनयापनको अभिन्न अङ्ग भइसकेको अवस्थामा पर्यावरण मात्र निरपेक्ष अध्ययन गर्न सकिँदैन । त्यसैले साइबर समालोचना र पर्यावरण परस्परव्यापी चिन्तन देखिन्छन् । प्रकृतिको महत्त्व, सार्वभौमपन, जैविक विविधता, पारिस्थितिक प्रणाली, प्रकृति र मानवको सम्बन्ध, प्रकृति र नारी जस्ता कोणबाट पनि पर्यावरणप्रतिको चासो व्यक्त गरी साझा घर पृथ्वी बचाउने मान्यता पनि विकसित भएको देखिन्छ (त्रिपाठी २०७६, पृ.१०२-१२५) । यस आधारबाट हेर्दा पर्यावरण साध्य भएको सिर्जना र त्यस्तो सिर्जनाका

माध्यमबाट आजको पारिस्थितिकीय प्रणालीमा परेको प्रभावमा केन्द्रित (पर्यावरणीय) समालोचना मूलधारमा स्थापित देखिन्छ ।

पृथ्वीको पर्यावरणचक्रीय सन्तुलन विश्वका शक्तिशालीदेखि अविकसित देशसम्मको चिन्ताको विषय हो । मानवले आफ्नो जैवरासायनिक संरचना प्रणालीको निरन्तरताका निम्ति पृथ्वीको चक्रीय सन्तुलनलाई जोगाएर राख्नु पर्ने जिम्मेवारी छ तर पर्यावरणमा आएको विनाशका कारण अविकसित तथा विकासशील देशमा आन्तरिक एवं बाह्य बसाइँसराइको समस्या स्थानिक प्रभावका रूपमा देखिएको छ (सापकोटा२०७८,पृ.७) । बढ्दो औद्योगिकीकरण र सञ्चारप्रविधिका साधनको प्रयोग गरी अधिक मात्रामा गरेको दोहनका कारण पृथ्वीको पर्यावरण असन्तुलन हुने क्रम आरम्भ भएको छ । यसलाई गहन पर्यावरणीय चिन्तनको विषय बनाएर मानव र पारिस्थितिक प्रणालीको अध्ययन गरिएको पाइन्छ । गहन पर्यावरणीय चिन्तन सम्बन्धी त्रिपाठी (सन् २०१८) को अध्ययनमा यसप्रकार उल्लेख गरिएको छ :

> ...जीवनको अस्तित्वलाई रक्षार्थ आवश्यक पर्ने सामान्य अधिकारबाहेक कुनै पनि अतिरिक्त थप सुविधाको हैसियत दावी गर्न र हस्तक्षेपकारी अवसरको अपेक्षा राख्न मान्छेले पनि पाउँदैन  किनकि पृथ्वीमा सबै जीवको अस्तित्व समान रहन्छ । ...वर्तमान विश्वमा मानिसले मानवेतर जगत्माथि अचाक्ली हस्तक्षेप गरेको र यो अवस्था झन्झन् खराब हुँदै गएको छ (पृ.२८३) ।

पर्याचक्रको अत्यधिक दोहनको प्रतिकूल प्रभाव बारे कम सोचिएको तर विश्वका अरबौं मानिसको अस्तित्त्वलाई क्षणभरमा समाप्त पार्ने सम्वेदनशील विषय हो । 'पर्यावरण चक्रमा विविध आँधी, आँधीका नवरूप, तटीय क्षेत्रमा हुने बेमौसमी बाढी, अरबौं खर्च गरेर तयार गरिएका आयोजना र त्यसका संरचनामा पुगेको क्षति जस्ता सन्दर्भले' (श्रेष्ठ २०७८, पृ.२८) पृथ्वीको पर्यावरण सन्तुलन प्रतिकूल बन्दै गएको देखिन्छ । अत्यधिक कार्बन उत्सर्जन र त्यसले पर्यावरणीय चक्रमा पारेको प्रतिकूल प्रभाव विकसित देशको औद्योगिक गतिविधिको नकारात्मक परिणाम हो । यसको असर अविकसित देशका नागरिक, पूर्वाधार, आर्थिक तथा सामाजिक गतिविधिमा परेको छ (बेरी २०७८, पृ.३१) । पर्याचक्रमा प्रतिकूलता सिर्जना गर्नमा मानिसका आर्थिक क्रियाकलाप र आर्थिक शक्ति केन्द्र बन्ने होडबाजी नै मुख्य कारक बनेको देखिन्छ । मानिसले विकासको क्रममा भेटेको ऊर्जाको मुख्य स्रोत कोइला र त्यसलाई प्रयोग गरेर गरिने उत्पादन तथा ढुवानी गरिने सरसामानका कारण कार्बनडाइअक्साइड जस्ता हरितगृह ग्याँसको उत्सर्जन बढ्यो (भुसाल २०७८, पृ.८) । पृथ्वीको पर्यावरणचक्रको स्थिर मूल्यमा केन्द्रित भएर मानव र अन्य प्रजातिका क्रियाकलाप सन्तुलनमा रहेको हो । पर्यावरणीय सन्तुलनका चक्रीय सम्बन्धकै कारण सारा जैविक प्रजातिको अस्तित्व सम्भव भएको हो । त्यसैले पर्यावरणीय चक्रको सन्तुलन, औद्योगिकीकरणका कारण प्राकृतिक स्रोतको अधिक दोहन, प्रकृतिका स्थिर मान तथा चरमा

आएका प्रतिकूल परिवर्तन जस्ता कारणले गर्दा पर्यावरणप्रतिको विश्वव्यापी चिन्ता विकसित भएको हो । प्रस्तुत लेखमा अत्यधिक औद्योगिक उन्नति तथा इन्टरनेट सञ्जाको प्रयोग र दोहन गरेर पृथ्वीको पारिस्थितिकीय प्रणालीमा परेको असरलाई मुख्य समस्याका रूपमा अध्ययन गरिएको छ । त्यसैले *जिरो कटेज* उपन्यासले प्रस्तुत गरेको पृथ्वीको पर्यावरणीय सङ्कटमा केन्द्रित भएर विश्लेषणको सत्यापन गरिएको छ ।

## विश्लेषण र परिणाम

जिरो कटेज उपन्यास मानवको पर्यावरणसँगको सम्बन्ध र मानवले आविष्कार गरेका सञ्चार प्रविधिले पर्यावरणमा पारेको प्रतिकूल प्रभावको समष्टि हो । *जिरो कटेज*मा अभिव्यक्त चिन्ता पृथ्वी, प्रकृति र प्रविधिमा आधारित छ (पृ.१) । ग्लोबल वार्मिङबाट परेको क्षति र त्यसको समाधानका निम्ति पर्यावरण बचाउको साधन एन्टिभाइरस उत्पादन गर्ने हेतुले जिरो कटेज नेपालमा खोलिएको देखिन्छ । प्रविधिका माध्यमले गरिएको दोहनका कारण पृथ्वीको प्राकृतिक सन्तुलनमा पुगेको असर र जैविक अस्तित्वको सङ्कट यस उपन्यासको केन्द्रीय चासो हो । पृथ्वी, आतङ्कवादी सङ्गठन (विषाक्त रसायन, औद्योगिक उत्पादनले बढाएको तापक्रम, विविध भाइरसले प्रकृतिको पर्यावरणमा पारेको चरम प्रतिकूलता, विकसित देशको उत्पादन रणनीति र नेपाल जस्ता गरिब देशले बेहोर्नु परेको क्षति) को पञ्जामा परेको अवस्थामा एन्टिभाइरस विश्वविद्यालयका रूपमा *जिरो कटेज* स्थापना गरिएको देखिन्छ । उपन्यासकारले विकसित देशको अर्थराजनीतिक गतिविधिको सिकारमा गरिब देश परेको, गरिब देशका नागरिकको बाँच्न पाउने अधिकार हनन् भएको र पर्यावरणको विनाशले धनी गरिब नभन्ने भएकाले आफ्नै समूल अन्त्यको बाटो रोजेको प्रति चिन्ता प्रकट गरेको देखिन्छ ।

> साँचो अर्थमा सडकमा धुवाँ सवारीको होइन उत्पादक कम्पनीको भइराखेको छ । ....धुवाँ चिनले निकाल्ने, त्यही धुवाँले माल्दिभ्सलाई खायो । धुवाँ अमेरिकाले निकाल्ने त्यही धुवाँले नेपाललाई खाइरहेको थियो (पृ.७) ।

यो वैज्ञानिक उपलब्धि र अर्थबजारमा आफ्नो शक्ति प्रदर्शन गर्ने हेतुले गरिएका गतिविधिले सबैको साझा घर पृथ्वी नै सङ्कटउन्मुख भएको सङ्केत हो ।

वायुमण्डल विविध ग्याँसको समष्टि सन्तुलन हो । मानिस लगायत अन्य जीवले उसको शरीरको संरचना र जैविक ऊर्जा प्रणालीको आवश्यक्ता अनुसार उक्त वायुमण्डलबाट उपयोगी ग्याँस लिएर जीवनचक्र चलाएको हुन्छ । यस्तो सन्तुलन कार्बनडाइअक्साइड, कार्बनमनोअक्साइड, सल्फरडाइअक्साइड, सल्फरट्राइअक्साइड, मिथेन, हिलियम, लिथियम आदि विविधि ग्याँस र ती ग्याँसको मात्रात्मक अवस्था हो । पर्यावरणको असन्तुलनका कारण बोटविरुवा अस्वाभाविक रूपले लत्रिने, जरा माटोमाथि जतातत‍ै फैलिने, ऐजेरु पलाउने, जरैजराको थुप्रो मात्र देखिने अवस्थाको दिक् उपन्यासमा परिकल्पना गरिएको छ (पृ.९) । यो

वनस्पति जगत्मा हुन सक्ने सम्भावित खतराको सङ्केत हो । आज नै हामीले हिमालका हिउँ पग्लिएर सुकेको र  हिमाल काला पहाडमा परिणत भएको दृश्य देखेका छौँ । यसले नेपालका विविध भूभागमा जलवायुका चक्रीय प्रणालीमा प्रतिकूल प्रभाव परेको पुष्टि गर्छ । उपन्यासकारले परिकल्पना गरेको यस्तो दिक् असम्भव देखिन्न । त्यसकारण उपन्यासको वस्तु सम्भावनाको सत्याभासमा आधारित देखिन्छ ।

पर्यावरणको विनाशका कारण *जिरो कटेज*मासुरक्षित हिमाली भेगमा पाइने अति पोषक जडीबुटी र पथ्यको सुरक्षित व्यवस्था गरिएको छ । वैज्ञानिकलाई प्राकृतिक जडीबुटी र त्यसको पोषणको सख्त जरुरत पर्ने भएकाले यसो गरिएको हो ।

> यो चिया हिमाली भेगमा पाइने जडीबुटीबाट बनेको हो । यसले हाम्रो रगतमा भएका विकारी तत्त्वहरू सफा गर्छ र स्मरणशक्ति बढाउँछ । अति नै शक्तिवर्धक तत्त्व मिसाइएकाले तुरुन्तै असर गर्छ । यो चिया संसारमा कहीँ पनि पाइँदैन (पृ.२१) ।

पर्यावरणमा प्राप्त भएका जैविक विविधता र तिनले मानवका कोशीय संरचनमा खेलेको अनुकूल भूमिकालाई केन्द्रमा राखेर जिरो कटेजमा पथ्यको व्यवस्था गरिएको छ । जैवरासायनिक द्रवले ऊर्जाप्रणालीमा  खेल्ने भूमिकालाई बोध गरेर नै संरक्षण गर्न थालिएको यसबाट पुष्टि हुन्छ ।

पृथ्वीमा रहेका प्राणी पर्यावरणीय चक्र र त्यसको अभिरचनाका प्रतिफल  हुन् । कुनै पनि प्राणी पर्यावरणले प्रदान गरेको वायु, तापमान, खाद्यस्रोत, वासस्थानको स्थिर मानका परिणाम हुन् । यो वायुमण्डल, माटो, पानी र वनस्पतिको समष्टिबाट निर्दिष्ट विषय हो तर अत्यधिक प्राविधिक उन्नतिका कारण वायुमण्डलको सन्तुलन बिग्रियो, माटोको गुणमा प्रतिकूल ह्रास आयो, पानीमा विषाक्त रसायन मिसियो, वासस्थानका विकल्प पर्यावरणका प्रतिकूल चर बलिया भएका कारण समाप्त भए भने के होला भन्ने सन्त्रासमा उपन्यासले गहिरो चासो व्यक्त गरेको देखिन्छ ।

> चर्को घामका कारण उडेका चरा आफैं जमिनमा खसेका थिए । छटपटाएर मरिरहेका थिए । जमिनमा गाइवस्तुका हाडखोर देखिए । आकाशमा गिद्ध घुमिरहेका देखिए । इट्टाभट्टाबाट धुवाँको मुस्लो आकाशतिर हान्निरहेको थियो । घाम आगोले पोले जस्तो थियो । एकैछिनमा छाला रातो हुन्थ्यो । पसिना छुट्थ्यो । पिरो आँखा रसायो । नाकमा अमिलो गन्ध ठोकियो । आगोको राप जस्तो हावा चल्यो (पृ.८०) ।

पर्यावरणको विनाश र यसले जैविक प्रजातिको जीवनमा कस्तो प्रभाव पार्छ भन्ने सम्भावित दिक्को बिम्ब यसबाट प्रस्ट हुन्छ । मानिसले आफ्नो महत्त्वकाङ्क्षाको प्रहार  गरेर पृथ्वीलाई ध्वस्त पार्दै गएको र यसले पृथ्वीको प्रकृतिमा निर्भर सम्पूर्णलाई समाप्त पार्ने

अवस्था आएको देखिन्छ । प्रकृतिका चरहरू प्रतिकूल बन्न पुगेका कारण सारा प्राणीको जीवनचक्र समाप्तप्रायः अवस्थमा पुगेको बिम्ब यसमा आएको छ । हतियारले गरिएको व्यक्तिहत्यालाई त कानुनी बहसको विषय बनाइन्छ भने अरबौं मानिस र त्यतिकै प्रजातिका प्राणी एवं वनस्पतिको स्वतन्त्र अस्तित्वमाथि गरिएको यस्तो व्यवहारको दण्ड कस्तो होला ?

पानी ग्याँसहरूका बिचको समीकरणबाट तयार भएको तरल पदार्थ हो । यसले पृथ्वीको पर्यावरणचक्र व्यवस्थापन र सन्तुलन निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ तर हाइड्रोजन र अक्सिजनका जतिजति भाग पानीको समीकरण निर्माणमा प्रयोग हुन्छन् ती ग्याँस नै पृथ्वीमा नभए वा तिनले समीकरण निर्माणमा उपयुक्त भूमिका खेल्न नसके कस्तो अवस्था होला ? यस्तो प्राक्कल्पनालाई उपन्यासकारले यसप्रकार प्रस्तुत गरेको देखिन्छ :

> ...यो सबै ग्लोबल वार्मिङवले भाको हो । हिमालमा हिउँ छैन होला उसो भए । खोलामा पानी छैन । ...खेत खेती नगरेको जस्तो चिराचिरा परेको थियो । कान्लातिर बिच्छी नाचिरहेका थिए । कतै सर्प घुमिरहेका थिए । घरहरू धेरै बनेका थिए । खेतबारीमा मरेका पशुपन्छीका करङ, नलीखुट्टा, टाउको आदि बग्रेल्ती छरिएका थिए (पृ.८०) ।

यस आख्यानांशले पृथ्वीमा पर्याचक्रीय प्रणाली असन्तुलन हुन जाँदा आजका सारा पर्याजैविक अवस्था नष्ट हुने दिक् परिकल्पना गरेको छ । कुनै पनि प्रजाति उसलाई पर्यावरणले प्रदान गरेका विशेष खाद्य चक्र र पर्यावरणीय मानको उपस्थिति हो । त्यस्तो मान नष्ट भएपछि स्वतः जीवजन्तु र पर्याचक्रमा अकल्पनीय परिवर्तन हुन्छन् । त्यसैले यस्ता मानमा आएको परिवर्तन र त्यसका कारण 'कालाम्य आकाश, सुकेको परिवेश, धमिलो वातावरण । डढेको पाखा । उजाड पहाड । तातो हावा । यी सबै पलभरमै देखिन्छन् । आँखा पोलेको छ । सम्पूर्ण शरीर सुकेको छ' (पृ.१५१) अवस्था सिर्जना भएको छ । प्रस्तुत उपन्यासमा पृथ्वीको सन्तुलित पर्याचक्रमा प्रतिकूल प्रभाव पार्ने औद्योगिक राष्ट्रका गतिविधि र तिनले सन्तुलनको साविकको अवस्था कायम गर्नमा गरेको अटेरीलाई भाइरसको संज्ञा दिएर प्रतीकात्मक रूपले प्रस्तुत गेरेको देखिन्छ । त्यसैले उपन्यासकार 'हिमाललाई भाइरसहरूले खाए । मान्छेले नै खायौं । पर्यावरणलाई हामीले नै सिध्यायौं । हामी आफैंले आफ्नो विनाश गयौं' (पृ.१५२) भनी हाम्रो अन्त्यको आरम्भ हामी मानव जातिले नै गरिरहेको प्रति सङ्केत गरेका छन् ।

पर्यावरणको चरम दोहन र विनाशका कारण उत्पन्न सङ्कटलाई यस आख्यानांशले स्पष्ट पारेको छ । पृथ्वीको सन्तुलित पर्याचक्र असन्तुलित बन्न पुगेपछि वातावरणको निश्चित अवस्थिति र अस्त्विमा रहेका प्राणी तथा वनस्पति नष्ट हुन्छन् । यसले पृथ्वीका विविधि प्रजातिलाई कुनै बहस पैरवीको सम्भावना नै नरहने गरी खतम पार्छ ।

> म यो नाङ्गिएको संसारको तस्वीर लिन चाहन्छु । मैले जसरी भए पनि यहाँको अवस्थालाई जस्ताको तस्तै दृश्यमा कैद गर्नु छ । म अहिले संसारको सबैभन्दा अग्लो चुचुरोमा छु । यस चुचुरोमा पाइला टेक्न संसारकै मान्छेहरू लालायित हुन्थे । मान्छेहरू अक्सिजनका सिलिन्डर भिरेर महिनौं लगाएर यहाँ आइपुग्थे । तर म सजिलै आइपुगेको छु ।  अवस्था पहिलाको जस्तो रहेन । प्रविधिले संसारलाई जित्यो । तर प्रकृतिलाई बचाउन सकिएन । साच्चै मान्छेले आफैंलाई मार्यो । यो कस्तो विडम्बना ? धनी देशले गल्ती गरे असर हामी गरिब देशले भोग्दै छौं । अन्तै आकाशमा निस्किएको ग्याँसले हाम्रो आकाश डढाइसक्यो (पृ.१५२) ।

भूमण्डलीकृत पुँजीवादी संस्कृतिको परिणाम स्वरूप पर्यावरण नष्ट हुने क्रम आज पनि चिन्ताको विषय छ । प्रविधिको प्रयोग गरेर मानवले आफ्ना स्वार्थनिःसृत अहङ्कारको प्रहार प्रकृतिमा नै गरेको छ । यस्तै गति र व्यवहार विश्वका शक्तिशाली राष्ट्रले अपनाएमा एकदिन विश्वको सर्वोच्च शिखर विशाल कालो डाँडोमा परिणत हुने परिकल्पना गरिएको छ । जलवायु र पर्यावरणको सन्तुलनप्रति गरिएको आजको चिन्ता कतिको स्वाभविक छ भन्ने सन्दर्भलाई यस अंशले पुष्टि गरेको छ । पृथ्वीको भौगर्भिक अवस्थिति वैज्ञानिक अध्ययन गर्न 'रोबो ड्राइभ' लिएर हिडेको 'डिक्स सान्ट्रो' कालो पहाडको विशाल थुप्रो (अतीतको सगरमाथा)बाट जमिनभित्र प्रवेश गरेको छ । जमिन भित्रको भूबनोटको ग्राफिक विम्ब जिरो कटेजको केन्द्रमा रहेको 'डा. डिक्स'सम्म पुगेको छ । प्रविधिको यस्तो उन्नत प्राप्ति हुँदा पनि मानवले आफ्नो अस्तित्व जोगाउने पर्यावरण प्राप्त गर्न सकेको छैन । आज देखिएका पर्याचक्रीय असन्तुलनका घटना हेर्दा यस अंशमा वर्णित विनाशक अवस्था पनि सम्भावित देखिन्छ । त्यसैले उपन्यासकारले सम्भावनाको सत्याभास हुने गरी पर्यावरणीय सन्दर्भ प्रस्तुत गरेको देखिन्छ ।

उपन्यासमा *जिरो कटेज*लाई प्रतिरक्षा प्राणालीको केन्द्रका रूपमा स्थापित गरिएको छ । पृथ्वीको पर्यावरण चक्रलाई विविध प्रकारका औद्योगिक उत्सर्जनबाट बचाएर वातावरणमा रहेको सन्तुलनलाई कायम गर्ने लक्ष्य *जिरो कटेज*ले लिएको छ । यसै अनुसार अत्याधुनिक प्रविधि, कृत्रिम बुद्धिमत्तायुक्त यन्त्रउपकरण आदिको प्रयोग गरिएको छ तर औद्योगिक क्रान्तिका नाममा आफ्ना स्वार्थी अभीष्ट पूरा गर्न लागेका शक्तिशाली देशका गतिविधिको प्रतीक स्वरूप प्रस्तुत गरिएको 'भाइरस'को प्रहारबाट पृथ्वी र भूगर्भको अध्ययन गर्ने 'रोबो ड्राइभ'मा रहेको 'डिक्स सान्ट्रो' लाई बचाउन सकिएको छैन । यो सन्दर्भ पृथ्वीको पर्याचक्रीय प्रणालीको अत्यधिक दोहन, कार्बन उत्सर्जन, कार्बनका विविध समीकरण, माटोमा परेको विषाक्त प्रभाव, पानीमा घोलिएका विषाक्त रसायन, वायुमण्डमा फैलिएका रासायनिक, भौतिक, जैविक कणका विषालु तह, यी सबैको प्रतिकूल चक्रीय अवस्थाको मारमा पर्दै गरेको आजको मानवको विम्ब यसमा प्रस्तुत गरिएको छ ।

> तिमीहरूले पृथ्वी बचाउन सकेनौ । मैले जितेँ । मलाई थाहा थियो तिमीहरू पक्कै एकदिन मलाई खोज्दै आउने छौ । यी सबै मेरा भाइरस हुन् । जिरो कटेजले मलाई छुन सकेन । अबको केही समयपछि जिरो कटेज ध्वस्त हुँदै छ । मेरा भाइसरले *जिरो कटेज* ध्वस्त बनाउने छन् । *जिरो कटेज*भन्दा हामी भाइरसहरूको सिस्टम निकै सुरक्षित छ । 'डिक्स डिन' हाम्रो मान्छे हो । उसमा जस्तो सुकै सिस्टमलाई पनि भत्काउने क्षमता जडान गरिएको छ (पृ. १६४) ।

पृथ्वीको बचाउका निम्ति चालिएका प्रत्येक पाइला असफल हुने दिनको परिकल्पना यस अंशमा गरिएको छ । प्रविधिसञ्चारको अत्याधुनिक प्रयोग मानवले गर्न सके तापनि अन्ततः आफ्नै आविष्कार अस्तित्व अन्त्यको कारक बन्ने अवस्थालाई यस अंशले सन्दर्भित गरेको छ । आतङ्ककारी सङ्गठनले छाडेका भाइरस पृथ्वीको विनाशका कारण बनेका छन् । यो प्रकृतिको अत्यधिक दोहन र त्यसले सिर्जना गरेका अहङ्कारी शक्ति केन्द्रको प्रतीक हो । यस सुन्दर पृथ्वीलाई अन्ततः यिनै शक्ति उन्मादमा पुगेका अहङ्कारीले समाप्त पार्छन् भन्ने विचार यहाँ आएको छ । मूलतः पर्यावरणीय चिन्ताको सन्दर्भ उल्लेख गरेर उपन्यासकारले भूमण्डलीकृत पुँजीवादी संस्कृतिले नेपाल जस्ता विकासशील र सुन्दर देश सङ्कटमा पर्दै छन् भन्ने सन्देश दिएका छन् ।

## निष्कर्ष

*जिरो कटेज* सम्भावनाको सत्याभासमा आधारित उपन्यास हो । अहिलेकै गतिमा मानवले प्रकृतिको दोहन र पर्यावरणमाथिको अनियन्त्रित निर्भरता विकसित गरेमा एकदिन मानवलगायतका जीवको अस्तित्व नै समाप्त हुन सक्छ भन्ने विचार प्राक्कल्पनात्मक रूपले यस उपन्यासमा आएको छ । भूमण्डलीकृत पुँजीवादको प्रभाव नेपाल जस्ता विकासशील मुलुकले बेहोर्नु परेको छ । प्रतीकात्मक रूपले नेपाल जस्ता देश प्रतिरक्षात्मक प्रणाली (हरित गृह) निर्माणमा जुट्न सक्तछन् तर विकसित देशले उत्सर्जन गरेका कार्बनका विविध समीकरणका कारण त्यो पनि असम्भव हुन्छ । प्रविधिसंस्कृति मानवको अभूतपूर्व प्राप्ति हो तर यसले मानवका जैविक र पारिस्थितिक प्रणालीलाई नै समाप्त पार्ने पूर्वानुमान यसमा व्यक्त गरिएको छ । सुन्दर पृथ्वी अत्यधिक तापक्रम, वनजङ्गलको विनाश, पानीका सुकेका मूल, वायुमण्डलमा विषाक्त रसायनका समीकरण भएको भयावह अवस्थामा पुग्ने छ । यसले पर्यावरणीय सङ्कट उत्पन्न गर्ने पूर्वानुमान गरिएको छ । पृथ्वी सबैको साझा घर भएका कारण पुँजीवादी देशले गरेका पर्यावरण विनाशका असर अविकसित देशका नागरिकले भोग्नु पर्ने निकटको विपत् देखिएको छ । त्यतिबेला मानव अविष्कारमा सम्पन्न हुन सक्ला तर पर्याचक्रीय प्रणाली समाप्त भएका कारण आफ्नै विनाशको खेल खेल्ने अवस्थामा पुग्नेछ । प्रकृतिको अत्यधिक दोहन र आर्थिक सम्पन्नताको अहङ्कारमा प्रतिस्पर्धा गर्दागर्दै मानिसले आफ्नो समाप्ति आफैं निम्त्याउने विचार यस उपन्यासमा देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञान् (२०७७), 'जिरो कटेज उपन्यासमा परोक्ष यथार्थ', *के.एम.सी. नेपाली जर्नल,* (३,३), पृ. ३५-४४ ।

खड्का, नवीनसिंह (२०७८), 'अन्तर्राष्ट्रिय बहसमा नेपाल कहाँ छ ?', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

चौलागाईं, टंक (२०६८), *जिरो कटेज,* काठमाडौं : कखरा पब्लिकेसन ।

ढकाल, मञ्जित (२०७८), 'नेपालका मुद्दा र अन्तर्राष्ट्रिय प्रतिबद्धता', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

त्रिपाठी, गीता (२०७६), 'समकालीन नेपाली कथामा पर्यावरण', अधिकारी, ज्ञानु (सम्पा.), *प्रज्ञा नेपालीकथा विमर्श,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

त्रिपाठी, गीता (सन् २०१८), 'गहन पर्यावरणको सैद्धान्तिक अवधारणा', *त्रिभुवन युनिभर्सिटी जर्नल,* **३२**(२) पृ. २८१-२९४ ।

पोलिट, निकोला (२०७८), 'नेपालले कसरी फाइदा लिने ?', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

पौडेल, जीवनमणि (२०७८), 'भुइँमान्छेका भोगाइ', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

बेरी, न्यान्डी (२०७८), 'जीविकोपार्जनमा दूरगामी प्रभाव', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौं : मोर्डन बुक्स हाउस ।

भुसाल, रमेश (२०७८), 'नदीहरू : सभ्यतादेखि सङ्कटसम्म' कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

भोल्क, फेलिसिटी (२०७८), 'पृथ्वी जोगाउन सहकार्य', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौं : क्वेस्ट पब्लिकेसन हाउस ।

शर्मा, मोहनराज (२०६८), 'साइबर उपन्यास : साइबर समालोचना', चौलागाईं, टंक, *जिरो कटेज,* काठमाडौं : कखरा पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* काठमाडौं : ओरियन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, तीर्थबहादुर (२०७८), 'विश्वव्यापी चिन्ता', कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ. १-४० ।

सापकोटा, जनकराज (२०७८), 'रित्तिँदै बस्ती' कान्तिपुर (फागुन-७), पृथ्वीको ज्वरो, जलवायु परिवर्तन विशेष, पृ.१-४० ।

Abrams, M. H., (2004). *A glossary of literary terms,* 7th ed. Thomson Asiya pte. Ltd., Singapore.

Abrams, M. H., Harpham,Geoffrey, Galt. (2015). A glossary of literary terms 11th ed., CENGAGE Learning, New Delhi. https//www.youtube.com/c/Quicksupport.

Rigby, Kate. (2007). …ECOCRITICISM, Ú Wolfreys, Julian (ed.), Introducing Criticism at the 21st Century, Rawat Publication, New Delhi.